# विपद् उत्थानशील प्रादेशिक नीति, २०७६
# प्रदेश नं. १, विराटनगर

## प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. १, विराटनगर

२०७६ पौष

## विषयसूची


१. पृष्ठभूमि ........ १

२. दीर्घकालीन सोच ........ ५

३. ध्येय ........ ६

४. लक्ष्य ........ ६

५. उद्देश्यहरू ........ ६

६. अवधारणा ........ ७

७. नीति ........ ७

८. नीति कार्यान्वयन रणनीति ........ १२

९. समन्वय, अनुगमन तथा मूल्याङ्कन ........ १२

१०. नीति पुनरावलोकन ........ १३

# विपद् उत्थानशील नीति, २०७६

## १. पृष्ठभूमिः-

नेपालको सर्वाधिक होचो क्षेत्र झापाको केचनादेखि पृथ्वीको सर्वोच्च शिखर सगरमाथा रहेको प्रदेश नं. १ मा विश्वकै सरबैभन्दा होचो अरुण उपत्यका समेत रहेको छ । नेपालका अन्य प्रदेशका तुलनामा हरियाली, जलभण्डार र जैविक विविधतामा उत्कृष्ट स्थान रहेको यो प्रदेश चरा र अर्नाको अवलोकनका निमित्त प्रशिद्धि पाएको कोशी टप्पु वन्यजन्तु आरक्ष समेत रहेको छ । देशको सबैभन्दा ठूलो केशी नदीको मूल जलाधार क्षेत्र रहेको यस प्रदेशलाई विराट राजाको राजधानी र औद्योगिक नगरी विराटनगर, प्रशिद्ध तिर्थस्थल बराहक्षेत्र, पाथीभरा भगवती मन्दिरलगायत थुप्रै धार्मिक तथा सांस्कृतिक क्षेत्रहरूले परिचित गराएका छन् । पर्यापर्यटन र धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासबाट प्रदेशले समृद्धि प्राप्त गर्न सक्नेछ ।

प्रदेशको राजधानी विराटनगर दैशकै पुरानो औद्योगिक तथा व्यापारिक नाका हो भने काँकडभिट्टा भारतको बङ्गाल र वङ्गलादेशसँगको व्यापारिक नाकाको रूपमा विकसित छ । पूर्वमा भारतको पश्चिम बङ्गाल राज्य, पश्चिममा प्रदेश नं. २ र ३ तथा दक्षिणतर्फ भारतको विहार राज्यको सीमाभित्र २५,९०५ क्षेत्रफलमा फैलिएको यस प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजङ्ग, सङ्खुवासभा, तेह्रथुमु, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलखुम्बु, ओखलढुङ्गा र उदयपुर समेत १४ जिल्ला र १३७ स्थानीय तह रहेका छन् ।

## २. परिभाषाः-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा,–

(क) "अझ बलियो र अझ राम्रो " भन्नाले विपद्का कारण क्षति भएका संरचना एवं भौतिक पूर्वाधार निर्माण गर्दा विपद् पर्नुपहिले बनाइएका संरचनाभन्दा अझ बलियो निर्माण गरी विपद् उत्थानशीलता अभिवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" "विपद् व्यस्थापन ऐन, २०७५ (पहिलो संशोधान २०७६)" लाई सम्झनु पर्दछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस प्रदेशकको प्रचलित कानूनबमोजिम तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(घ) "नीति" भन्नाले विपद् उत्थानशील नीति, २०७६ लाई सम्झनु पर्दछ ।

(ङ) "मूलप्रवाहीकरण" भन्नाले प्रदेश सरकारले आफ्ना आवधिक तथा वार्षिक विकास योजनामा परिभाषित गरेका विकासका विषयगत क्षेत्रमा विपद्को प्रकृति, मात्रा र

त्यसबाट पर्ने प्रभावलाई कम गर्न विपद् जोखिम लेखाजोखासहित जोखिम न्यूनीकरणका कार्यलाई समहित गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(च) "राष्ट्रिय ऐन" भन्नाले नेपाल सरकारबाट जारी भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन २०७५) लाई सम्झनु पर्दछ ।

(छ) "राष्ट्रिय नीति" भन्नाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ लाई सम्झनु पर्दछ ।

(ज) "राष्ट्रिय रणनीति" भन्नाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५ लाई सम्झनु पर्दछ ।

(झ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन, विपद्को रोकथाम तथा विपदबाट हुने क्षतिको न्यूनीकरण तथा विकास कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्दछ ।

(ञ) "विपद् प्रभावित" भन्नाले विपद्का कारण जीवन, जीविकोपार्जन, शिक्षा तथा स्वास्थ्य सेवामा प्रतिकूल असर परी त्यसबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित भएका व्यक्ति, परिवार वा समूहलाई सम्झनुपर्छ ।

(ट) "विभिन्न तह" भन्नाले विश्वव्यापी वा अन्तर्राष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय, राष्ट्रिय, प्रदेश र स्थानीय तहलाई जनाउनेछ ।

(ठ) "विषयगत क्षेत्र" भन्नाले प्रदेशको वार्षिक तथा आवधिक योजनाले तोकेका विकाससँग सम्बन्धित विषयगत समूह वा क्षेत्रलाई सम्झनुपर्दछ ।

(ड) "सरोकारवाला निकाय" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपद् व्यवस्थापनमा सहयोग प्रदान गर्ने वा गर्न सक्ने सरकारी, संयुक्त राष्ट्र संघीय निकाय, गैरसरकारी संस्था वा निकाय, सामुदायिक संघ वा संस्थालाई जनाउँछ ।

(ढ) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्दछ ।

(ण) "सञ्जालीकरण" भन्नाले विभिन्न तहमा स्थापना भएका आपत्कालीन कार्य सञ्चालन केन्द्रबीच सूचना आदान प्रदान गरिएको संयन्त्रलाई सम्झनु पर्दछ । यस शब्दले समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरूको सञ्जाललाई समेत बुझाउनेछ ।

## ३. प्रदेशमा विपद् जोखिमको वर्तमान अवस्थाः-

विभिन्न अध्ययन अनुसार विश्वका २०० मुलुकमध्ये नेपाल जलवायु परिवर्तन, भूकम्प र जलवायुजन्य विपद्को उच्च जोखिममा रहेको छ । त्यसैगरी हिमताल विष्फोटबाट उत्पन्न बाढी,

हिमपहिरो, आगलागी, वन्यजन्तुको आक्रमण, प्याण्डामिक र महामारीबाटसमेत नेपाल जोखिममा रहेको छ ।

हिन्दुकुष हिमायलयको पूर्वी-मध्य भागमा अवस्थित प्रदेश नम्बर १ निरन्तर दोहोरिइरहने प्रकोपका कारण उत्पन्न विपद्को जोखिममा रहेको छ । विविधतायुक्त र जटिल भूगोल एवं पछिल्लो समयमा भइरहेको जलवायु परिवर्तनको परिणामस्वरूप सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा जोखिम बढ्दो क्रममा छ । जलवायु परिवर्तनबाट प्राकृतिक प्रकक्रियामा भइरहेको अस्वाभाविक परिवर्नत र तीव्र विकास निर्माणका कारण प्रकोपको आवृत्ति र प्रभावमा समेत वृद्धि भइरहेको छ ।

वर्षाको प्रवृत्तिमा आउन थालेको परिवर्तन एवं चरम मौसमी घटनाको परिणामस्वरुप अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिले गर्दा बाढी, डुवान, पहिरो, खडेरीका साथै हुरीबतास, चट्याङ, शीतलहर, वन्यजन्तु र कीराको आक्रमणलगायतका घटनाको आवृत्ति र क्षतिको मात्रा पनि बढिरहेको छ । हिमाली क्षेत्रमा उत्पन्न भइरहेका हिमतालहरूको उत्पत्ति, विस्तार र विष्फोटको सम्भावले पनि प्रदेश विपद्को थप जोखिममा जोखिममा रहेको छ ।

त्यसैगरी सडक दुर्घटना, आगलागी, पशु तथा चराचुरुङ्गीमा हुने रोगहरू, प्यान्डामिक फ्लू, सर्पदंश, खानी, हवाइ, जल तथा औद्योगिक दुर्घटना, विषाक्त ग्यास वा रसायनको चुहावट, विषाक्त खाद्यपदार्थको सेवन, वातावरणीय प्रदूषण, उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक विपद्बाट समेत प्रदेशका विभिन्न क्षेत्र प्रभावित हुने गरेका छन् । २०६८ साल असोज १ गते र २०७२ साल वैशाख १२ गते गएको भूकम्प, २०७१, २०७४ २०७६ सालको मनसुनमा गएका बाढी र पहिरो तथा त्यसबाट भएको जनधनको व्यापक नोक्सानी र क्षति विपद्का पछिल्ला उदाहरण हुन् । प्रदेशका अधिकांश क्षेत्रमा हुने नियमित आगलागी र डढेलोका घटनाबाट भएका भौतिक, गैरभौतिक र प्राकृतिक सम्पदामा पुगेको नोक्सानी र क्षतिले आर्थिक विकासमा अवरोध उत्पन्न गरिरहेको छ । खासगरी गरिबी, चेतनाको कमी, प्राकृतिक स्रोतको दोहन, अव्यवस्थित शहरीकरण र विकास प्रक्रियामा जोखिम संवेदनशीलताको कमीका कारण विपद्जन्य जोखिम बढ्दो क्रममा छ ।

विपद् जोखिम न्यूनीकरण गरी उत्थानशील प्रदेशको विकासका लागि नेपाल सरकार पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय सन्धी तथा सम्झौता र कार्यढाँचा, नेपाल सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्थालाई समेत दृष्टिगत गरी प्रदेशले विकास प्रक्रियमा विपद् जोखिम मूलप्रवाहीकरण गरी जोखिम न्यूनीकरणका माध्यमबाट समृद्ध प्रदेश सुखी प्रदेशवासीको अवधारणालाई मूर्तरूप दिन प्रदेशले "विपद् उत्थानशील प्रादेशिक नीति, २०७६" तर्जुमा गरेको छ ।

## ४. चुनौती र अवसरः-

यस प्रदेशमा विपद् सम्बन्धी समस्या तथा चुनौति दहायबमोजिम देखिएका छन्:

(क) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यलाई संस्थागत गरी प्रदेशको उत्थानशीलताका लागि कार्यक्रम निर्माण र पर्याप्त बजेटको आवश्यकता पर्नेछ जसलाई प्रदेश सरकारले ठूलो अवसरको रूपमा लिनेछ ।

(ख) सबै स्थानीय तहले भवन निर्माण संहिताको कार्यान्वयनमा व्यापक सुधार गरी कमजोर भवनको प्रबलीकरणमा समेत उच्च प्राथमिकता दिनु जरुरी छ जसलाई प्रदेश सरकारले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(ग) प्रदेश सरकारबाट सञ्चालन हुने विकास आयोजनामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने र यसका लागि स्थानीय तहलाई प्राविधिक सहयोग गर्न सकिन्छ।

(घ) सबै तह र वर्ग र समुदायमा विपद्को सामना गर्ने ज्ञान, सीप र प्रविधिको प्रवर्द्धन आवश्यक छ र प्रदेश सरकारलाई काम गर्न सक्ने अवसर प्राप्त छ ।

(ङ) सरकारी, गैरसरकारी, निजी र ठूला व्यापारिक भवनहरूमा अग्नी समनक यन्त्र र प्रणाली जडान गर्ने र व्यवसाय निरन्तरता योजना तयार गर्न प्रेरित गर्न सकिन्छ ।

(च) गुणस्तरीय शिक्षाका लागि शिक्षालय सुरक्षा र जोखिम न्यूनीकरण प्रवर्द्धन कमजोर रहेकोले नमूना विद्यालयको विकासमार्फत् वृहत् विद्यालय सुरक्षा कार्यक्रम सञ्चालन गर्न प्राविधिक तथा अन्य सहयोग गराउने अवसर प्रदेशसँग रहेको छ ।

(छ) विकासका विषयगत क्षेत्र, निजी तथा औद्योगिक क्षेत्रमा भरपर्दो सुरक्षा संयन्त्रको विकास गर्नु आवश्यक देखिएको छ।

(ज) विपद्का समयमा सुरक्षित रहने उपायको प्रवर्द्धनका लागि नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने व्यवस्थालाई सबै स्थानीय तहसम्म प्रवर्द्धन गर्नु जरूरी देखिएको ।

(झ) गरिबी निवारण वा जीविकोपार्जनका कार्यक्रममा जोखिम संवेदनशील क्रियाकलाप समावेश गर्न क्षमता र बजेट विनियोजनमा सुधार गरी उत्थानशीलता अभिवृद्धि गर्न सकिन्छ ।

(ञ) आपत्कालीन प्रतिकार्य ढाँचा, खुला स्थानको पहिचान र व्यवस्थापन, प्रादेशिक खोज तथा उद्धार दलको विकास, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको सबलीकरण र जिल्ला तथा स्थानीय तहमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सुदृढीकरणलगायतका कार्यमा प्रदेशको भूमिका महत्वपूर्ण रहेको छ ।

## ५. नीतिको आवश्यकताः-

विपद् र जलवायु परिवर्तन सामाजिक, आर्थिक, स्वास्थ्य, भौतिक पूर्वाधार, वातावरण संरक्षणलगायतका विकासका विषयगत क्षेत्रको विकासका लागि बाधक बनेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहबाट विकास योजनामा हुने लगानीको दिगो प्रतिफलका लागि विपद्को जोखिम न्यूनीकरण र जलवायु परिवर्तबाट बढ्ने प्रतिकूल प्रभावको समेत न्यूनीकरण गरी उत्थानशीलता अभिवृद्धिका माध्यमबाट दिगो विकास लक्ष्य प्राप्त गर्नुका साथै देहायका कारणले प्रदेशलाई विपद् जोखिम न्यूनीकरण नीतिको आवश्यकता रहेको छः

(क) विपद् जोखिम न्यूनीकरणमा प्रदेशको दीर्घकालीन सोच र अवधारणा निर्धारण गरी दिगो विकासका लक्ष्य प्रप्ति सुनिश्चित गर्न ।

(ख) विपद् तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव कम गरी प्रदेशको विकास प्रक्रियालई तीव्र, उत्थानशील र दिगो बनाउन ।

(ग) वातावरण संरक्षाणलाई मूल आधार मानेर सामाजिक, आर्थिक र भौतिक विकासलाई सुरक्षित, उत्थानशील र भरपर्दो बनाउन निश्चित मार्गदर्शन गर्नु ।

(घ) विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने प्रयासमा सघाउन ।

(ङ) विपद्पूर्व, विपद्का समयमा र विपद् पश्चात मानिस र मानिसका सम्पत्ति तथा प्राकृतिक सम्पदामाथि पर्ने प्रतिकूल प्रभावको सहज रूपमा सामना गर्ने क्षमता विकास गर्न ।

(च) विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी उत्थानशीलता अभिवृद्धिमार्फत् दिगो विकासका राष्ट्रिय लक्ष्य प्रप्तिमा सघाउन।

(छ) सबै तहमा विपद् प्रतिकार्यका लागि पूर्वतयारीलाई सुदृढर प्रभावकारी बनाउन ।

(ज) मानवीय सहायतालाई प्रभावकारी बनाउन प्रदेश, स्थानीय तह र वडा वा समुदाय तहमा विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना बनाएर कार्यान्वयन गर्न ।

(झ) स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै सबै निकाय, क्षेत्र, समुदाय र वर्गसँग समन्वय र साझेदारी अभिवृद्धि गरी विपद् उत्थानशील प्रदेशको निर्माण सुनिश्चत गर्न ।

## ६. दीर्घकालीन सोचः-

विपद्को जोखिमबाट सुरक्षित र उत्थानशील समाजको विकास गर्दै प्रदेशको दिगो विकासमा योगदान गर्नु ।

## ७. ध्येयः-

विकासका सबै विषयगत क्षेत्रमा विपद् र जलवायु परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरणलाई समयानुकूल तथा सन्तुलित रूपमा कार्यान्वयन गरी विपदबाट हुने क्षति र नोक्सानीमा उल्लेख्य कमी गर्दै उत्थानशीलता अभिवृद्धि गर्नु ।

## ८. लक्ष्यः-

विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिमका कारण हुने मानवीय मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या कम गर्दै जीवन निर्वाहका साधन, स्वास्थ्य र शिक्षालगायतका आधारभूत पूर्वाधार र सेवा क्षेत्रमा भइरहको प्रत्यक्ष वा परोक्ष क्षति, नोक्सानी र अवरोध हटाएर उत्थानशील प्रदेशको निर्माण गर्नु ।

## ९. उद्देश्यः-

विकासका विषयगत क्षेत्रमा विपद् र जलवायु परिवर्तनका कारण उत्पन्न वा हुनसक्ने जोखिम कम गरी व्यक्तिको जीवन, सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, उत्पादनका साधन, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति र नोक्सान कम गरी समाजको उत्थानशीलता बढाउनु यस नीतिको प्रमुख उद्देश्य रहेको छ । नीतिका विशिष्ट उद्देश्य देहायबमोजिम रहेका छन्ः

५.१. सबै क्षेत्र, तह र वर्गमा विपद् जोखिमबारे समान बुझाइको विकास र सूचनाको पहुँच सुनिश्चित गर्ने,

५.२. विपद् व्यवस्थापन सूचना प्रणाली र बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास र उपयोगलाई प्रभावकारी बनाउने,

५.३. समावेशी विपद् व्यवस्थापनमार्फत् विपद् जोखिम शासकीय पद्धतिलाई सुदृढ बनाउने,

५.४. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोचसहित वार्षिक तथा आवधिक विकास योजनामा मूलप्रवाहीकरण गर्ने,

५.५. साझेदारीका माध्यमबाट सार्वजनिक तथा निजी लगानी अभिवृद्धि गरी विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउने,

५.६. विपद् प्रतिकार्य एवं पुनर्लाभ र पुनर्निर्माणमा “अझ बलियो र अझ राम्रो” अवधारणा अवलम्बन गरी पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउने ।

## १०. अवधारणाः-

विपद् उत्थानशील प्रादेशिक नीति देहायका अवधारणाअनुरूप विकास गरिएको छ :

६.१. नेपालको संविधान र कानूनले निर्धारण गरेको भूमिका र जिम्मेवारीबमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको सिद्धान्त अवलम्बन गर्ने ।

६.२. सङ्घीय सरकारबाट भएका निर्णयअनुरूप विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशील प्रदेशको निर्माण गर्ने ।

६.३. प्रदेशमा हुने बहू-प्रकोपको पहिचान, विपद्को जोखिम र न्यूनीकरण तथा व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै जोखिम संवेदनशील विकासको प्रबर्द्धन गर्ने ।

६.४. प्रदेश, स्थानीय तह, सरोकारवालासहित नागरिकको प्रत्यक्ष सहभागितामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्दै विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा स्थानीय स्रोत, साधन, सीप र रैथाने ज्ञानको प्रबर्द्धनसहित नवप्रवर्तनमुखी प्रविधिको प्रयोग गरी उत्थानशीलता अभिवृद्धि गर्ने ।

६.५. विपद् उत्थानशील विकासमा सार्वजनिक र निजी लगानीमार्फत् वित्तीय लगानी बढाउने।

६.६. विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनमा "अझ बलियो र अझ राम्रो" अवधारणालाई आत्मसात गर्ने ।

## ११. नीतिः-

विपद् उत्थानशीलता अभिवृद्धिमार्फत् सुरक्षित, सुसंस्कृत समाजको निर्माण गर्दै दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रदेशले देहायका नीति अवलम्बन गर्नेछ :

१. प्रदेशको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा गर्दा प्रकोपको प्रकृति, आवृत्ति, विपद्को सम्भावना र अवशिष्ट जोखिम तथा विकास आयोजनाको कार्यान्वयनबाट उत्पन्न हुनसक्ने जोखिमको पहिचान तथा न्यूनीकरण योजना सुनिश्चित गरिनेछ ।

२. नियमित विकास कार्यक्रम एवं योजना तयारी वा डिजाइन, निर्माण र कार्यान्वयनअघि अनुसन्धानका माध्यमबाट बहूविपद् जोखिम पहिचान गरी जोखिम न्यूनीकरणका उपयुक्त विधि अवलम्बन गरिनेछ ।

३. प्रदेश स्तरीय विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरी राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीसँग आवद्ध गरी व्यवस्थित गरिनेछ ।

४. विपद् जोखिम न्यूनीकरणका लागि भू विज्ञान, भूकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, दूरसंवेदन प्रणाली, पूर्वसूचना प्रणालीलगायतका प्रविधि हस्तान्तरणका निमित्त सङ्घीय सरकारसँग समन्वय गरी स्थानीय तहको समेत पहुँच सुनिश्चित गरिनेछ ।
५. विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन केन्द्र सरकारको समेत सहयोगमा सीमापार समन्वय, अन्तर प्रदेश र अन्तर स्थानीय तहबीच समन्वय संयन्त्रको विकास गरिनेछ ।
६. प्रदेशको विपद् उत्थानशील विकासका लागि आवश्यक संस्थागत व्यवस्था गरी सार्वजनिक एवं निजी क्षेत्रबीच समन्वय, सहकार्य र सञ्जालीकरणलाई सदृढ बनाउने र आवश्यक क्षामता अभिवृद्धि गर्ने नीति लिइनेछ ।
७. विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रदेशका सबै स्थानीय तहका विषयगत विकास योजनामा मूलप्रवाहीकरण गरी मौजुदा जोखिम घटाउने र नयाँ जोखिम उत्पन्न हुन नदिने व्यवस्था सुनिश्चित गरिनेछ ।
८. विपद् जोखिम न्यूनीकरणका लागि विपद्को प्रकारका आधारमा स्थान, सामाजिक संरचना, स्थानीय भाषाअनुरूप जनचेतनामूलक तथा सूचनामूलक सन्देशहरू तयार गरी सूचना तथा सञ्चारका माध्यमहरूको प्रभावकारी उपयोगमार्फत् सम्प्रेशण गरी जनेतना अभिवृद्धि गरिनेछ ।
९. राष्ट्रिय भू-उपयोग नीति अनुरुप सबै स्थानीय तहको जोखिम सम्बेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
१०. जोखिम सम्बेदनशील भूउपयोग योजनाअनुरूप व्यवस्थित र सुरक्षित आवाश क्षेत्रको विकास एवं असुरक्षित बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।
११. सबै तहमा राष्ट्रिय भवन संहिता तथा भैतिक पूर्वाधार निर्माण मापदण्डको कार्यान्वयन गरिनेछ साथै स्थानविशेष रूपमा विपद् तथा जलवायु उत्थानशील पूर्वाधार मापदण्डको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।
१२. बृहत् विद्यालय सुरक्षा अवधारणाअनुरूप विद्यालयको संरचनात्मक र गैरसंरचनात्मक सुरक्षामार्फत् गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
१३. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी विषयलाई सबै तहको शैक्षिक पाठ्यक्रममा समावेश गराइनेछ ।
१४. प्रकोपको प्रकृति र विपद्को स्वरूपअनुरूप नियमित रूपमा विपद् जोखिम लेखाजोखा एवं अभिलेखिकरण प्रणालीको विकासका साथै जोखिमअनुरुप सामुदायिक क्षामता विकास गरिनेछ ।

१५. प्राकृतिक प्रकोपबाट उत्पन्न हुने विपद् तथा गैरप्राकृतिक विपद्हरूको नियमित रूपमा निगरानी र मापन गरी जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

१६. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, ऊर्जा, आवास, यातायात, खानेपानी, सरसफाइलगायत औद्योगिक तथा व्यवसायिक क्षेत्रका पूर्वाधार र ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको जोखिम लेखाजोखा गरी जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१७. मानव जीवन र सबै प्रकारको सम्पत्तिको सुरक्षा गरी जोखिम कम गर्न बिमालगायतका जोखिम हस्तान्तरणका विधिलाई प्राथमिकता दिई प्रोत्साहन गरिनेछ।

१८. समुदायमा आधारित विपद् व्यवस्थापनलाई विस्तार गरी रैथाने तथा परम्परागत ज्ञान, सीप, प्रविधि र अभ्यासको प्रवर्द्धन गर्न स्रोत र साधनको उच्चतम परिचालन गरिनेछ।

१९. प्रदेशमा विपद् जोखिमको अध्ययन तथा अनुसन्धानका लागि सरकार, विकास साझेदार, निजी तथा गैरसरकारी संस्थाहरू, प्राज्ञिक निकाय र सार्वजनिक तथा निजी अनुसन्धान केन्द्रहरू तथा सरोकारवालाहरूबीच सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

२०. विपद् र विकाससम्बन्धी अध्ययन अनुसन्धानका लागि प्रदेश विपद् जोखिम अध्ययन तथा अनुसन्धान गर्ने निकायको स्थापना गरिनेछ ।

२१. प्रदेशमा एकीकृत जलश्रोत तथा जलाधार व्यवस्थापनको सिद्धान्तअनुरूप नदी व्यवस्थापन, भू तथा जलाधार संरक्षणसम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

२२. चुरे क्षेत्रमा बढेको जोखिम कम गर्न नेपाल सरकारद्वारा तयार तथा कार्यान्वयन हुने कार्यक्रमलाई सफल बनाउने भूमिका पूरा गर्ने नीति अवलम्बन गरिनेछ ।

२३. विपद् जोखिम न्यूनीकरणका सबै चरणा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायहरूको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।

२४. सार्वजनिक तथा निजी भौतिक संरचनालाई विपद् उत्थानशील एवं अपाङ्ग, बाल, महिला एवं वृद्धवृद्धामैत्री बनाउने नीति लिइनेछ ।

२५. प्रदेशमा सुरक्षित भवन र भौतिक संरचना निर्माणको कार्यलाई प्रोत्साहन गर्न राष्ट्रिय भवन संहिता अनुरुप स्थानीय तहलाई समेत उपयुक्त हुने समयसापेक्ष मापदण्ड तयार गरी लागू गरिनेछ ।

२६. विपद्का कारण हुनसक्ने क्षतिको पूर्तिका लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्य सम्बन्धी संरचनाहरू, खानेपानी लगायतका भौतिक संरचनाहरू, भूमि र कृषिबालीको बीमामार्फत् जोखिम हस्तान्तरणका विधि अपनाउ प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा निजी क्षेत्रको संलग्नता एवं साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

२८. विपद् जोखिम उत्थानशीलता अभिवृद्धिका लागि निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार र दतृ संस्था आदिको लगानी प्रवर्द्ध गर्न प्रोत्साहन गरिनेछ ।

२९. नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान लगायतका अनुसन्धान केन्द्रहरूको सहयोगमा बाढी, डुवान र खडेरी प्रतिरोधी तथा जलवायु परिवर्तन अनुकूलित कृषि प्रणालीको विकास गरिनेछ ।

३०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रूपमा समन्वय, सहकार्य, अनुगमन तथा मूल्याङ्कन गर्न प्रदेश र स्थानीय तहमा समावेशी संयन्त्रको स्थापना एवं सुदृढीकरण गरिनेछ ।

३१. समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी स्थानीय तहबीच सञ्जालीकरणका माध्यमबाट पूर्वसूचना तथा चेतावनी सम्प्रेशण गर्ने नीति लिइनेछ ।

३२. ठूला विपद्को समयमा सङ्घीय सरकारमार्फत् अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुने मानवीय सहयोग सामग्रीको सहज आपूर्ति र परिचालनको उचित व्यवस्था मिलाइनेछ ।

३३. विपद् प्रतिकार्यालाई प्रभावकारी बनाउन प्रदेशमा स्वयंमसेवक व्यूरोको स्थापना, विपद् प्रतिकार्य केन्द्र, अत्यावश्क सेवा सञ्चालन केन्द्रहरूको स्थापना, विकास र विस्तार गरी तिनीहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

३४. विपद् प्रतिकार्यलाई सहभागितामूलक, प्रभावकारी र मानवीय सहयोगलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउन स्वयंसेवक परिचालनको लागि संस्थागत व्यवस्था तथा क्षामता अभिवृद्धका कार्यलाई प्रोत्साहित गरिनेछ ।

३५. आपत्कालीन प्रतिकार्यमा विपदबाट प्रभावित सबैको पहुँच सुनिश्चित गर्न सूचना प्रविधिमा आधारित सञ्चार प्रणालीको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

३६. विपद् प्रतिकार्यका लागि पूर्वतयारीका रूपमा सुरक्षित खुल्ला क्षेत्रको पहिचान, संरक्षण गरी आपत्कालीन समयका लागि प्रयोगयोग्य बनाउने नीति लिइनेछ ।

३७. आपत्कालीन समयका लागि पहिचान भएका खुला क्षेत्रमा सबैको पहुँचयुक्त र सुरक्षित आश्रयस्थलको एवं बन्देवस्ती स्थलको रूपमा विकास गरिनेछ ।

३८. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन आपत्कालीन भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्री भण्डारण गरिनेछ ।

३९. प्रदेश, स्थानीय तह र समुदाय स्तरसम्म कानूनबमोजिम विपद् जोखिम व्यवस्थापन कोषको स्थापना गरी विपद्प्रभावित समुदायमा मानवीय सहयोग उपलब्ध गराउने र तत्कालीन जोखिम घटाउने कार्यलाई सुनिश्चित गरिनेछ ।

४०. शैक्षिक संस्था, अस्पताल तथा आश्रय स्थलजस्ता आधारभूत सेवा प्रदायकको क्षमतामा स्तरोन्नती गरी आपत्कालीन अवस्थामा सहज र समुचित उपयोग गर्न सकिने व्यवस्था गरिनेछ ।

४१. प्रदेश र प्रदेशबाहिर समेत हुनसक्ने प्रकोपका घटनाहरूको नियमित रूपमा अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी त्यसका आधारमा पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

४२. आपत्कालीन कार्यसञ्चालन केन्द्र र अत्यावश्यक केन्द्रहरूको क्षमता विकास गरी घटना नियन्त्रण पद्धति (Incident Comand System) लाई स्थानीय तहसम्म विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

४३. स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन प्राविधिक सहयोग उपलब्ध गराइनेछ । साथै सरकारी, सार्वजनिक, निजी एवं गैरसरकारी क्षेत्रहरूको व्यवसाय निरन्तरता योजना बनाई कार्यान्वयन गरिनेछ ।

४४. प्रदेश र स्थाीनय तहमा क्षमताअनुरुप विभिन्न स्तरका खोज तथा उद्धार टोलीको गठन गरी तिनको उद्धार क्षमता विकास गरिनेछ ।

४५. सङ्घ र अन्तर्राष्ट्रिय जगतबाट स्वीकृत आपत्कालीन मानवीय सहयोग मापदण्डअनुरुप प्रदेशको आफ्नै आपत्कालीन मानवीय सहयोग मापदण्ड तयार गरी सामाजिक सुरक्षासम्न्धी कार्यक्रम सञ्चालन गर्ने निति अवलम्बन गरिनेछ ।

४६. विपद्पछि गरिने पुनर्लाभ, पुनर्निर्माण, पुनः स्थापनालगायतका कार्यबाट नयाँ जोखिम उत्पन्न हुन नदिने व्यवस्था सुनिश्चित गर्दै विश्वव्यापी रूपमा स्वीकार गरिएको "अझ बलियो र अझ राम्रो" अवधारणालाई प्रोत्साहन गरिनेछ ।

४७. विपद् प्रभावित समुदायलाई आवाश, जीविकोपार्जन र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न सरकारद्वारा अनुदान उपलब्ध गराउने तथा बैंक वा वित्तीय सँस्थाहरूमार्फत् सहुलियत कर्जाको व्यवस्था गरिनेछ ।

४८. विपद्पछिको पुनर्निर्माण र पुनःस्थापनाका लागि सङ्घीय सरकार, स्थानीय सरकार, दाता, विकास साझेदार र निजी तथा सार्वजनिक क्षेत्रसँग सहकार्य र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

## १२. नीति कार्यान्वयन रणनीतिः-

१२.१ यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, प्रदेश विपद् प्रतिकार्य ढाँचा, विपद् प्रभाव मूल्याङ्कन मार्गदर्शन, पुनर्निर्माण तथा पुनःस्थापन कार्यढाँचा र अन्य आवश्यक मार्गदर्शन तथा कार्यविधि तर्जुमा गर्ने ।

१२.२ विपद् उत्थानशीलता अभिवृद्धिका लागि प्रदेशले तयार गर्ने आवधिक र वार्षिक योजनामा जोखिम न्यूनीकरणका सम्पूर्ण कार्यलाई मूलप्रवाहीकरण गर्ने ।

१२.३ प्रदेशमा हुनसक्ने विपद्जन्य अवस्थाको सहज रूपमा सामनाका लागि विषयगत क्षेत्रअनुरूप कार्यविभाजन गरी आपत्कालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१२.४ प्रदेशका सबै विषयगत मन्त्रालय र निकायहरूको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइने ।

१२.५ स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा यस नीतिलाई मार्गदर्शनका रूपमा लिन समन्वय र सहकार्य गर्ने ।

१२.६ नीतिको कार्यान्वयनका लागि प्रदेश र स्थानीय सरकारले समुदायमा आधारित विपद् व्यवस्थापनलाई प्रबर्द्धन गर्न आवश्यक कार्यक्रमसहित बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने ।

१२.७ नीतिको कार्यान्वयनका निमित्त विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संशोधन २०७६) मा आवश्यक सुधार गर्दै संस्थागत संरचना निर्माण र सुदृढीकरण गर्ने ।

१२.८ विषयगत मन्त्रालय तथा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी समयानुकूल सुधार तथा पुनःसंरचना गर्ने ।

१२.९ आपत्कालीन प्रतिकार्यलाई प्रभावकारी बनाउन विपद्को उच्च जोखिममा रहेका क्षेत्रलाई समेट्नेगरी अत्यावश्यक सेवा केन्द्रको स्थापना गर्ने ।

१२.१० विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन प्राकृतिक स्रोत र साधनको नक्साङ्कन गरी दिगो उपयोगका माध्यमबाट संरक्षण गर्ने ।

## १३. समन्वय, अनुगमन तथा मूल्याङ्कनः-

९.१. नीतिको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा सरकारी, निजी, गैरसरकारी संस्था तथा सरोकारवालाहरूबीच समन्वय र सहकार्य रिनेछ ।

९.२. विपद् व्यवस्थापन समितिले निर्धारण गरेका मापदण्डअनुरूप कार्यकारी समितिले यस नीतिअनुरूप भएका कार्यको सूचकसहित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

९.३. अनुगमन तथा मूल्याङ्कनका लागि नीतिका आधारमा सूचक बनाएर जोखिम न्यूनीकरणमा भएको सुधारको मापन गरिनेछ । नीतिको कार्यान्वयनबाट जनधनमा परेको तुलनात्मक प्रभावको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरूबाट आम नागरिकमा प्रवाह भएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तनजस्ता विषयलाई आधार मानिनेछ ।

९.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण वार्षिक रूपमा अद्यावधिक गरी "प्रदेश विपद् प्रतिवेदन" प्रकाशन गरिनेछ ।

## १४. नीति पुनरावलोकनः-

यस नीतिलाई आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिको निर्णयअनुसार पुनरावलोकन सकिनेछ।